श्री

# उच्च अदालत तुलसीपुर बुटवल इजलास

रुपन्देही

(प्रशासन शाखा)

फोन नं. ०७१ ५४०११०
५४०१२६
५४९११०

E-Mail: admin.hcibutwal@supremecourt.gov.np

चलानी नं.

पत्र संख्या:-०८०/०८१

मिति २०८०।०५।१७

विषय- सूचना ।

उच्च अदालत तुलसीपुर, बुटवल इजलास सम्मानित सर्वोच्च अदालतको मिति २०८०।०५।०७ को निर्णयबाट फरक मुद्दा व्यवस्थापन (DCM) पद्धतिको कार्यान्वयनको अवस्थाको नियमित अनुगमन तथा आन्तरिक व्यस्थापन गर्ने उद्देश्यका साथ नमूना अदालत छनौट भएको बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।फरक मुद्दा व्यवस्थापन (DCM) पद्धति बमोजिम मुद्दाको नियमित कामकारवाहीलाई कार्यतालिका बमोजिम गरी सेवाग्राहीलाई प्रदान गर्नुपर्ने सेवाप्रवाहलाई व्यवस्थित वनाउन तथा अदालतको नियमित काम कारवाही उसैदिन कम्प्यूटरमा प्रविष्ट गरी सेवा ग्राहीलाई मुद्दामा लाग्ने समयको कार्यतालिका उपलब्ध गराउने तथा तारेख तोक्ने समेतको कार्यहरुलाई व्यबस्थित रुपमा सन्चालन गर्नकालागि अदालतको समय अवधिलाई विचार गरी देहाय बमोजिम गर्ने भनी निर्णय भएकाले यो सूचना जारी गरिएको छ ।

१. विशेष परिस्थितिमा वाहेक अदालतमा दर्ता गर्न ल्याउने लिखत (शुरु मुद्दा, पुनरावेदन पत्र,रिट निवेदन, सुरु अदालतको आदेश उपर पर्न आउने निवेदन) आइतवार देखि विहिवार सम्म ४.०० बजे भित्र र शुक्रवार २.०० बजे सम्म दर्ता गर्ने ।

२. सुरु अदालतमा नभरेको हकमा स्वघोषणा फारम भरी लिखतसाथ पेश गर्ने ।

३. मुद्दा दर्ता भए पश्चात तारेख तथा मुद्दाको कार्यतालिका सम्वन्धित फाँटबाट लिने ।